# बालबालिकाका लागि सुरक्षित इन्टरनेट



- इन्टरनेटमा बालबालिकाका लागि कस्ता खतरा हुन सक्छन् - जानी राखौं ।
- इन्टरनेटमा के के गर्दा नराम्रा कुराबाट जोगिन सकिन्छ - थाहा पाऔं ।
- इन्टरनेटको सुरक्षित प्रयोग गरौं, आफू बचौं र अरुलाई पनि बचाऔं ।

## बालबालिका र इन्टरनेट

इन्टरनेटको प्रयोग संसारभरि नै बढिरहेको छ । नेपालमा पनि मोबाइल फोनको व्यापक प्रयोगसँगै इन्टरनेट घरघर र हातहातमा पुगेको छ । यसको सही प्रयोगले देशविदेशका समाचार थाहा पाउन, टाढा बसेका साथी र आफन्तसँग सजिलै कुरा गर्न सम्भव भएको छ । यसैगरी यसबाट मनोरञ्जन र ज्ञानविज्ञानको विशाल भण्डारको ढोका पनि खोलिदिएको छ । इन्टरनेटको सही प्रयोगबाट बालबालिकाको शैक्षिक, बौद्धिक तथा व्यक्तित्व विकासका साथै सामाजिक सम्बन्ध विस्तार एवम् सूचना आदानप्रदान कार्यमा पनि अतुलनीय सहयोग पुग्न सक्छ ।

**इन्टरनेटले जीवन सजिलो बनाएको छ**




तर इन्टरनेटको गलत प्रयोगले बालबालिकालाई असुरक्षित पनि बनाइरहेको छ । साइबर सुरक्षाबारे पर्याप्त चेतना र सावधानीको कमीले गर्दा अपराधीहरुले नेपालमा पनि इन्टरनेट र यसका माध्यमबाट सञ्चालन गरिने सामाजिक सञ्जालहरूलाई दुरुपयोग गर्न थालेका छन् ।

त्यसैले, साइबर अपराधबाट बच्न यसबारे आफै सचेत हुन र इन्टरनेटको सुरक्षित प्रयोग गर्ने जान्न आवश्यक छ ।


प्लान इन्टरनेशनल नेपालको आर्थिक सहयोग र सीजपसंगको सहकार्यमा यो शैक्षिक सामग्री चाईल्डसेफनेटको प्राविधिक सहयोगमा रेड सर्कल क्रियटीभ सोल्युसनले तयार पारेको हो ।

RedCircle CreativeSolutions


## इन्टरनेटमा सुरक्षित रहन के गर्ने, के नगर्ने ?

- ✔ बलियो पासवर्ड राख्ने, बेला बेलामा फेर्ने र पासवर्ड कसैलाई पनि नदिने ।
- ✔ सामाजिक सञ्जालमा प्राइभेसी सेटिङ्ग मिलाएर गोप्य कुरा सुरक्षित राख्ने ।
- ✔ दु:ख दिने खराब 'अनलाइन साथी'लाई ब्लक गर्नुका साथै रिपोर्ट गर्ने ।
- ✔ अनलाईनमा कसैले दु:ख दिए आमाबुबा, सर/मिस वा विश्वासिलो साथीलाई भन्ने ।
- ✘ राम्ररी नचिनेकालाई अनलाईनमा साथी नबनाउने ।
- ✘ अनलाईनमा बनाइएका साथीसँग फोन नं र गोप्य राख्नु पर्ने कुरा शेयर नगर्ने ।
- ✘ आफूलाई नराम्रो र अप्ठ्यारो पार्न सक्ने फोटो र भिडियो फोन, कम्प्यूटर र फेसबुकमा नराख्ने, अरुलाई नपठाउने ।

**मद्दत आवश्यक परेमा तलका नम्बरमा फोन गर्न सकिन्छ । यी नम्बरमा फोन गर्दा पैसा लाग्दैन ।**

**प्रहरी : १००**

**बाल हेल्पलाईन : १०९८**


थप जानकारीको लागि हामीलाई सम्पर्क गर्नुहोस्

**बालबालिका शान्तिक्षेत्र राष्ट्रिय अभियान (सीजप)**

सिनामंगल, काठमाडौं, नेपाल

फोन: ४४६८१२८

ईमेल: info@czopnepal.org, czopp.central@gmail.com

वेब साईट: www.czopnepal.org


## इन्टरनेटमा बालबालिका कसरी जोखिममा पर्न सक्छन् ?

सूचना प्रविधिलाई हाम्रो जीवनसँग जोड्ने प्रमुख माध्यम इन्टरनेट हो । मोबाइल फोनमा पनि इन्टरनेट चलाउन मिल्ने भएकोले यसको प्रयोग एक्लै बसेर बढी गरिन्छ । यसको प्रयोग सावधानीका साथ नगर्दा बालबालिका जोखिममा पर्न सक्छन् । बालबालिका साइबर अपराधका शिकार हुने मुख्य कारणहरू निम्नानुसार छन् :

१. **साइबर सुरक्षाबारे अज्ञानता :** इन्टरनेटमा व्यक्तिगत गोपनीयता (प्राइभेसी) तथा निजी सामग्रीको सुरक्षा, भाइरस र सूचना चोर्ने वा अन्य हानीकारक वेबसाइट र प्रोग्रामलाई छेक्ने उपायबारे थाहा नहुँदा बालबालिका जोखिममा पर्न सक्छन् ।

२. **कमजोर पासवर्ड :** १२३४५ वा आफ्नो नाम जस्ता सजिलै अनुमान गर्न सकिने कमजोर पासवर्ड राख्दा, पासवर्ड बेलाबेलामा नफेर्दा वा साथीसँग शेयर गर्दा पनि बालबालिका खतरामा पर्न सक्छन् ।

३. **नचिनेका मानिससँग सम्पर्क :** अनलाइन साथीको सङ्ख्या बढाउन नचिनेकासँग पनि सम्पर्क जोड्ने, फेसबुकमा आफ्ना व्यक्तिगत कुरा र तस्विर सबैले देख्नसक्ने गरी राख्ने बानीले बालबालिकालाई जोखिममा पार्न सक्छ । राम्ररी नचिनेका अनलाइन साथीबाट भाइरस आक्रमण, सूचनाको चोरी, अनलाइन यौन शोषण, ठगी वा हेपाइजस्ता नराम्रा काम हुन सक्छन् ।

४. **बालसुलभ जिज्ञासा :** सामाजिक सञ्जालमा राम्ररी नचिनेका अनलाइन साथीले राखेका प्रस्ताव तथा नयाँ वेबसाइट, एप्स र गेम (जुन हानीरहित नहुन सक्छ) प्रतिको जिज्ञासाले बालबालिका यौन शोषण, ठगी र हेपाइ जस्ता जोखिममा पर्न सक्छन् ।

५. **लोभलालच :** फेसबुक, ट्वीटर, भाइबर, मेसेन्जर, ह्वाट्सएप, एसएमएस तथा ईमेल समेतबाट ठग्नका लागि पठाइने झूठा चिठ्ठा, पुरस्कार, विदेश जाने अवसर जस्ता जालमा फसेर पनि बालबालिका साइबर अपराधको शिकार बन्न सक्छन् ।

६. **मार्ग निर्देशनको अभाव :** धेरैजसो अभिभावक तथा शिक्षकहरूले साइबर सुरक्षाबारे जानकारी गराउने चलन नभएको ले पनि बालबालिका जोखिममा पर्ने गरेका छन् । साइबर कानुन र सजायँबारे थाहा नहुँदा केही बालबालिकाले समेत फेक (नक्कली) आईडी बनाएर अरूलाई दु:ख दिइरहेका हुन सक्छन् । फेक आईडी पत्ता लगाएर दोषीलाई कारवाही गर्न सकिन्छ भन्ने कुरा धेरैलाई थाहा नहुन सक्छ ।

## बालबालिकामाथि हुनसक्ने साइबर अपराध



**साइबर ग्रूमिङ्ग**

यौन शोषण गर्ने उद्देश्यले नजिकिने, फकाउने, साथी बन्ने



**साईबर बुल्लिईङ्ग**

इन्टरनेटमा हेप्ने, धम्क्याउने, गलत कुरा फैलाउने, बेइज्जत गर्ने




**बालबालिकाको अश्लील चित्रण**

बालबालिकाको अश्लील फोटो र भिडियो बनाउने र इन्टरनेटमा राख्ने




**सेक्सटिंग**

अश्लील फोटो, भिडियो, मेसेज पठाउने र पठाउन लगाउने



**अनलाईन यौन शोषण**

बालबालिकालाई फकाई, झुक्याई वा धम्क्याई अनलाईनमा नाङ्गा फोटो, भिडियो राख्न वा अश्लील काम गर्न लगाउने




**फिसिङ**

पुरस्कार दावी गर्न ईमेल पठाएर वा अरु तरिकाले पासवर्ड, बैङ्क खातासम्बन्धी सूचना, क्रेडिट कार्ड नम्बर पत्ता लगाई ठग्ने